# स्थानीय राजपत्र

## रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० मौवाफाँट, म्याग्दी, भदौ २६ गते, २०८३ साल

## भाग-२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको दोस्रो संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको नियमावली संख्या नं. ०७

### सार्वजनिक खरिद नियमावली, (दोस्रो संशोधन), २०८३

**सार्वजनिक खरिद नियमावली, २०७५ लाई संशोधन गर्न बनेको नियमावली, २०८३**

**प्रस्तावनाः** सार्वजनिक खरिद नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, गाउँ कार्यपालिकाले यो संशोधन जारी गरेको छ।

**संक्षिप्त नाम र प्रारम्भः** यस संशोधनको नाम "सार्वजनिक खरिद नियमावली, २०७५ (दोस्रो संशोधन),२०८३" रहेको छ।

(२) यो नियमावली गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**मूल नियमावलीको नियम ७४ मा संशोधनः** मूल नियमावलीको नियम ७४ को-

(१)उपनियम (२) पछि देहायको उपनियम २(क) राखिएको छः-

"(२क) उपनियम (२) बमोजिम बोलपत्रदाताले पेस गरेको दर विश्लेषणलाई निजले उल्लेख गरेको कार्य सम्पादन गर्ने तरिका, प्रविधि तथा व्यवस्थापन विधि समेतको आधारमा प्रचलित नर्म्स र दररेट अनुसार दर विश्लेषण गरी तुलना गर्नुपर्नेछ।

(२) उपनियम (३) मा "उपनियम (२) बमोजिम मागेको स्पष्टीकरण" भन्ने शब्दहरुपछि " र उपनियम (२क) बमोजिमको कार्यसम्पादन" भन्ने शब्दहरु थप गरिएका छन्।

**मूल नियमावलीको नियम ७९ मा संशोधनः** मूल नियमावलीको नियम ७९ को-

उपनियम (१) मा रेहेको "बीस लाख" र उपनियम (२) मा रहेको "पन्ध्र लाख" भन्ने शब्दहरुको सट्टा "पचास लाख" भन्ने शब्दहरु राखिएका छन्।

**मूल नियमावलीको नियम ९५ मा संशोधनः** मूल नियमावलीको नियम ९५ को-

(१)उपनियम (१) मा रहेको "दश लाख" भन्ने शब्दहरुको सट्टा "पन्ध्र लाख" भन्ने शब्दहरु राखिएका छन्।

**मूल नियमावलीको नियम १०५ मा संशोधनः** मूल नियमावलीको नियम १०५ को-
(१)उपनियम (३) मा रहेको "पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दको सट्टा "दश लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले ,**
कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत।